**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 13.06.2024**

- **MLA Resignation**

नाम्ची सिंहगिथाङकी नवनिर्वाचित विधायक श्रीमती कृष्ण कुमारी राईले आफ्नो पदबाट राजिनामा दिनुभएको छ। उहाँले आफ्नो राजिनामा पत्र आज सिक्किम विधानसभा अध्यक्ष श्री **MN** शेर्पालाई सुम्पिनुभयो। श्री शेर्पाले यसलाई स्विकार गर्नुभएको छ।

--------------------------------------X--------------------------------------

- **Ministers Portfolio**

सिक्किम सरकारले मन्त्रीहरूका निम्ति हिजो विभागको बाँटवारी गरेको छ। यसमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आफूसित गृह, वित्त, योजना तथा विकास, कार्मिक, विद्युत, आबकारी, भू-राजस्व एवं आपदा प्रबन्धन, परिवहन, सूचना एवं जनसम्पर्क, सूचना प्रौद्योगिकी, कौशल विकास लगायत अन्य मन्त्रीहरूलाई नछुट्याइएका विभागहरू राख्नुभएको छ।

यसका साथै वरिष्ठ मन्त्री श्री सोनाम लामा जनस्वास्थ्य अभियान्त्रिकी, जल संसाधन तथा धर्म विभागका मन्त्री बन्नुभएको छ। श्री अरूणकुमार उप्रेति ग्रामिण विकास तथा सहकारिता विभाग मन्त्री अनि श्री सामडुप लेप्चा सामाजिक कल्याण, महिला तथा बाल विकास अनि मुद्रण एवं छापाखाना विभाग मन्त्री बन्नुभएको छ। यसैगरी श्री भीमहाङ लिम्बूको निम्ति भवन एवं आवास तथा श्रम विभाग अनि श्री भोजराज राईको निम्ति शहरी विकास, खाद्य तथा नागरिक आपूर्ति विभाग परेको छ। श्री **GT** ढुङ्गेल स्वास्थ्य एवं परिवार कल्याण तथा संस्कृति मन्त्री बन्नुभएको छ भने श्री पूरण कुमार गुरूङ कृषि बागवानी, पशुपालन तथा पशु चिकित्सा सेवा अनि मत्स्यपालन विभागका मन्त्री बन्नुभएको छ। यसैगरी श्री पिन्ट्सो नामग्याल लेप्चा वन एवं पर्यावण, खानी र भूविज्ञान तथा विज्ञान एवं प्रौद्योगिकी विभागका मन्त्री बन्नुभएको छ भने श्री नरबहादुर दाहाल सडक एवं पूल, श्री राजु बस्नेत शिक्षा, खेलकुद एवं युवा मामिला, कानून एवं संसदीय मामिला मन्त्री साथै श्री छिरिङ थेण्डुप भोटिया पर्यटन एवं नागरिक उड्डयन तथा वाणिज्य एवं उद्योग मन्त्री बन्नुभएको छ।

यसका साथै अन्य विधायकहरूलाई विभिन्न विभागका सल्लाहकार र अध्यक्षको रूपमा पनि चयनित गरिएको छ।

--------------------------------------X--------------------------------------

- **Landslide**

हिजो राति आएको अविरल वर्षाका कारण मंगन जिल्लामा छहजनाको ज्यान जानका साथै दुईजना घाइते भएका छन्। मृतकहरूमा पाक्सेप र अम्बिथाङबाट तीन-तीनजना अनि घाइतेहरू अम्बिथाङ र काबीबाट रहेका छन्।

मंगनका जिल्लाधीश श्री हेमकुमार छेत्रीले घटनाको जानकारी लिन र आपदाको आकलन गर्नका साथै पीड़ितहरूको अवस्था बुझ्न आजनै एउटा बैठक डाक्नुभयो।

बैठकमा जिल्लाधीशले विभिन्न स्थानमा भएको सम्पत्ति, गाईवस्तु आदिको क्षति र सडक सम्पर्कमा भएको बाधाको विवरण अधिकारीहरूलाई उपलब्ध गराउनुभयो। उहाँले सम्बन्धित विभागका अधिकारीगणले सजग र सतर्क रहनुपर्ने आवश्यकतामाथि जोड़ दिँदै आपदाको विस्तृत मूल्याङ्कन तत्काल दिन आग्रह गर्नुभयो।

यस अवसरमा यातायात, विद्युत, ढल निकासी र जलापूर्तिमा भएको बाधामाथि पनि चर्चा गरियो।

यस आपदाका कारण जिल्लामा एउटा कच्चा घर बगाउनका साथै सातवटा पक्का घरहरू क्षतिग्रस्त भएका छन् भने पीड़ितहरूको निम्ति पाक्सेप निम्न माध्यमिक विद्यालयमा राहत शिविक शुरू गरिएको छ। यसका साथै अविरल वर्षाका कारण बढ़ेको नदिको जलस्तरले सांकलाङ पुल बगाएको छ भने बाँसको पुललाई क्षतिग्रस्त बनाएको छ।

यस सम्बन्धमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले मंगन जिल्ला प्रशासन, पुलिस विभाग र सम्बन्धित विभागका अधिकारीहरूसित सम्पर्क गर्दै तत्काल अनि व्यापक प्रतिक्रिया सुनिश्चित गर्ने निर्देश दिनुभएको छ।

मुख्यमन्त्रीले पीडित र प्रभावित परिवारको पुनःस्थापना, अस्थायी आवास, आधारभूत आवश्यकताको व्यवस्था लगायतका सबै सहयोग उपलब्ध गराउने प्रयास भइरहेको बताउनुभएको छ।

उहाँले दु:खको यस घडीमा सरकार पीडितहरूको साथमा रहेको बताउँदै शोकाकुल परिवार, पीड़ित र विस्थापित सबैलाई हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **AP CM Oath**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज अरूणाचल प्रदेशका मुख्यमन्त्री श्री पेमा खाण्डु लगायत नवनियुक्त मन्त्री परिषदका सदस्यहरूको शपथ ग्रहण समारोहमा सहभागी बन्नुभयो। समारोहमा अन्यबाहेक केन्द्रिय मन्त्रीहरूमा सर्वश्री अमित शाह, **JP** नड्डा र किरेन रिजिजु हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **Review Meeting**

गेजिङ जिल्लाका निम्ति नार्को समन्वय समितिको  बृहत समीक्षा सभा आज जिल्ला प्रशासनिक केन्द्र, राबदेन्सीको सम्मेलन कक्षमा बस्यो।

जिल्लाधीश एवं नार्को समिति अध्यक्ष श्री **M** भरनी कुमारको अध्यक्षतामा सम्पन्न सभाको उद्देश्य विभिन्न विभागका प्रमुख र प्रतिनिधिहरूसित जिल्लामा लागू पदार्थ विरूद्ध रणनीतिको समन्वय र कार्यान्वयनमा चर्चा र अभिवृद्धि गर्नु रहेको थियो।

सभामा यस क्षेत्रमा नशालु पदार्थको तस्करी र ओसारपसारको वर्तमान अवस्थाको समीक्षा, सम्बन्धित विभागद्वारा चालिएका उपायको आकलन अनि नशालु पदार्थसित सम्बन्धित मुद्दाहरूको समाधानमा थप एकीकृत दृष्टिकोण तयार गर्ने विषयमा ध्यान केन्द्रित गरियो।

**---------------------------------------X---------------------------------------**

- **DLOC**

यसैक्रममा, गेजिङ जिल्ला परिधिमा पर्ने पुलिस चौकीहरूमा जड़ान गरिएका **CCTV** क्यामेराको अवस्थाबारे समीक्षा गर्नका साथै यसमा देखापरेका चुनौतीहरूलाई सम्बोधन गर्ने प्राथमिक उद्देश्यले आज जिल्ला स्तरीय निरीक्षण समितिको सभा बस्यो।

जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा जिल्लाधीश एवं समितिका अध्यक्ष श्री **M** भरनी कुमारको अध्यक्षतामा बसेको सभामा गेजिङस्थित पुरानो पुलिस चौकीबाट नयाँ भवनमा **CCTV** क्यामेरा सारिनुका साथै अतिरिक्त क्यामेरा र विद्युत ब्यापक प्रणालीको आवश्यकताबारे चर्चा गरियो।

**---------------------------------------X---------------------------------------**